# स्थानीय राजपत्र

तिलोत्तमा नगरपालिका

खण्ड २) तिलोत्तमा, असार महिना २६ गते, २०७५ साल (संख्या १०

भाग : १

तिलोत्तमा नगरपालिका

तिलोत्तमा नगर सभाले तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत २०७५ सालको ऐन नं. १

कार्यविधिको नाम : तिलोत्तमा नगरपालिकाको शिक्षा ऐन, २०७५

**प्रस्तावना :**

राष्ट्रिय विकास तथा तिलोत्तमा नगरपालिकाको समग्र विकासका लागि आवश्यक जनशक्ति तयार गर्न,सर्वसाधारण जनताको सदाचार, शिष्टाचार र नैतिकता कायम राख्न, शिक्षामा सबैको पहुँच स्थापित गर्न र यस नगरपालिकामा स्थापना भई सञ्चालनमा रहेका तथा स्थापना हुने प्राविधिक तथा अन्य विद्यालयहरूको व्यवस्थापनमा सुधार गर्दै गुणस्तरयुक्त विद्यालय शिक्षाको विकास गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२(१) बमोजिम तिलोत्तमा नगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ ।

## परिच्छेद–१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो ऐनको नाम " तिलोत्तमा नगरपालिकाको शिक्षा ऐन, २०७५ " रहेको छ ।

(२) यो ऐन तिलोत्तमा नगरपालिका क्षेत्रभर लागु हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा-

(क) ''कोष'' भन्नाले विद्यालय सञ्चालनका लागि खडा गरिएको कोषलाई सम्झनु पर्छ ।

(ख) ''तोकिएको '' वा ''तोकिए बमोजिम'' भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

(ग) "धार्मिक विद्यालय" भन्नाले परम्परागत रुपमा चली आएका गुम्बा, गुरुकुल, आश्रम, मदरसा जस्ता धार्मिक विद्यालयहरुलाई जनाउँदछ ।

(घ) "नगर कार्यपालिका'' भन्नाले तिलोत्तमा नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्छ ।

(ङ) "नगरपालिका'' भन्नाले तिलोत्तमा नगरपालिकालाई सम्झनु पर्छ ।

(च) ''नगरसभा'' भन्नाले तिलोत्तमा नगरपालिकाको नगरसभा सम्झनु पर्छ ।

(छ) ''पाठ्यक्रम विकास केन्द्र'' भन्नाले संघीय ऐन बमोजिम पाठ्यक्रम निर्माणको लागि जिम्मेवार निकायलाई सम्झनु पर्दछ ।

(ज) ''परीक्षा समिति'' भन्नाले परीक्षा सञ्चालन तथा समन्वय समितिलाई सम्झनु पर्छ ।

(झ) ''प्रधानाध्यापक'' भन्नाले विद्यालयको प्रधानाध्यापक सम्झनु पर्छ ।

(ञ) ''प्रमुख'' भन्नाले नगरपालिकाको प्रमुखलाई सम्झनु पर्छ ।

(ट) ''प्रारम्भिक बाल शिक्षा केन्द्र'' भन्नाले तीन वर्ष उमेर पूरा भई पाँच वर्ष उमेर पूरा नगरेका बालबालिकाको लागि खोलिएको प्रारम्भिक बाल शिक्षा केन्द्र, नर्सरी, केजी, मन्टेस्वरी आदि सम्झनु पर्छ ।

(ठ) ''व्यवस्थापन समिति'' भन्नाले विद्यालय व्यवस्थापन समिति सम्झनु पर्छ ।

(ड) ''शिक्षा समिति'' भन्नाले नगर स्तरीय शिक्षा समिति सम्झनु पर्छ ।

(ढ) ''शुल्क'' भन्नाले विद्यालयले नियम बमोजिम विद्यार्थीसँग लिन पाउने शुल्क सम्झनु पर्छ ।

(ण) ''शैक्षिक गुठी" भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनुपर्छ ।

(त) ''संघीय शिक्षा ऐन'' भन्नाले संघीय संसदले बनाएको शिक्षा ऐनलाई सम्झनु पर्छ ।

(थ) ''संस्थागत विद्यालय'' भन्नाले निजी लगानीमा सञ्चालन गर्ने गरी अनुमति पाई स्थापित विद्यालयलाई सम्झनु पर्छ ।

## परिच्छेद–२
## शिक्षा प्रशासन सम्बन्धी व्यवस्था

**३. शिक्षा प्रशासन सम्बन्धी व्यवस्था :**

(१) नेपालको संविधान, २०७२ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम नगरपालिकालाई दिइएका शिक्षा सम्बन्धी अधिकारहरू कार्यान्वयनका लागि नगरपालिकाले आवश्यक प्रबन्ध मिलाउने छ ।

(२) शिक्षा सम्बन्धी संघीय कानून र प्रादेशिक कानूनमा स्थानीय तहको लागि व्यवस्थित गरिने काम, कर्तव्य र अधिकारको सम्बन्धमा सोही वमोजिम नगरसभाले यस ऐन लाई पुनः परिमार्जन गरी कार्यान्वनय गर्नेछ ।

(३) शिक्षा प्रशासन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**४. नियम बनाउने अधिकार :**

(१) यस ऐनको उद्देश्य कार्यान्वित गर्न नगर कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वमान्यतामा प्रतिकूल प्रभाव नपर्ने गरी यो नियममा देहायका कुराहरुको व्यवस्था हुन सक्नेछ :

(क) विद्यालय खोल्ने अनुमति वा स्वीकृति सम्बन्धी व्यवस्था,

(ख) विभिन्न पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था,

(ग) नगर स्तरीय शिक्षा समिति गठन सम्बन्धी व्यवस्था,
(घ) विद्यालय व्यवस्थापन सम्बन्धी व्यवस्था,
(ङ) पाठ्यक्रम तथा परीक्षा सञ्चालन सम्बन्धी व्यवस्था,
(च) प्रारम्भिक बाल शिक्षा सम्बन्धी व्यवस्था,
(छ) विद्यार्थी सङ्ख्या, भर्ना र कक्षा सम्बन्धी व्यवस्था,
(ज) प्रधानाध्यापक तथा शिक्षक सम्बन्धी व्यवस्था,
(झ) शिक्षक नियुक्ति तथा सरुवा सम्बन्धी व्यवस्था,
(ञ) छात्रवृत्ति तथा निःशुल्क शिक्षा सम्बन्धी व्यवस्था,
(ट) शिक्षक कर्मचारीको बिदा तथा काज सम्बन्धी व्यवस्था,
(ठ) विद्यालयको चिन्ह, झण्डा, नामकरण तथा अन्य व्यवस्था,
(ड) विद्यालयको सम्पत्ति संरक्षण सम्बन्धी व्यवस्था,
(ढ) विद्यालयलाई दिइने अनुदान सम्बन्धी व्यवस्था,
(ण) विद्यालयको कोष, बजेट, आयव्यय, लेखा र लेखापरीक्षण सम्बन्धी व्यवस्था,
(त) शिक्षक कर्मचारीको तह, श्रेणी र दरबन्दी सम्बन्धी व्यवस्था,
(थ) शिक्षक तालिम र अतिरिक्त क्रियाकलाप सम्बन्धी व्यवस्था,
(द) शिक्षक कर्मचारी एवं विद्यार्थीले पालना गर्नुपर्ने आचार संहिता सम्बन्धी व्यवस्था,
(ध) संस्थागत विद्यालय सम्बन्धी व्यवस्था,
(न) शैक्षिक गुठी तथा धार्मिक विद्यालय सञ्चालन सम्बन्धी,
(प) नगरस्तरीय शैक्षिक कोषको स्थापना र सञ्चालन सम्बन्धी व्यवस्था,
(प) अन्य आवश्यक कुराहरु ।

**५. निर्देशिका बनाउन सक्ने :**

यो ऐन कार्यान्वयनका लागि नगर कार्यपालिकाले दफा ४. बमोजिम बन्ने नियमका अतिरिक्त आवश्यक निर्देशिका बनाई लागु गर्न सक्नेछ ।

**६. बचाउ :**

(१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा लेखिए जति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित नेपाल कानून बमोजिम हुने छ ।

(२) यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिनामिना गरेको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत कारबाही चलाउन बाधा पर्ने छैन ।

आज्ञाले

प्रमाणिकरण मिति : २०७५ असार २६ गते

(कृष्ण प्रसाद सापकोटा)

प्रमुख प्रशासकीय अधिकृत